# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व न्यायाधीश सुरेन्द्रबहादुर बस्नेतको मिति २०७९ साल पुष १० गते आइतबार भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व न्यायाधीश बस्नेतको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षती पुग्न गएको छ। सर्वोच्च अदालतको न्यायाधीशको रूपमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न र न्याय तथा कानूनका क्षेत्रको विकासका लागि पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको छ। संविधान र कानूनको क्षेत्रमा दख्खल राख्ने निर्भिक, सरल, अत्यन्त मिलनसार, विवेकशील, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा रहनुभएका स्वर्गीय बस्नेत न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। साथै उहाँ न्यायाधीशको रूपमा अत्यन्त ओझपूर्ण व्यक्तित्व रहनुभएको र प्रतिष्ठित न्यायाधीश हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

भोजपुर जिल्लामा वि.स.१९८४ साल साउन २७ गते जन्मनु भएका पूर्व न्यायाधीश सुरेन्द्रबहादुर बस्नेत विक्रम संवत् २०२१ सालमा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई विक्रम संवत् २०२२ सालसम्म कार्यरत रहनुभएको थियो।

यस दुःखद् घडीमा सर्वोच्च अदालतको आज मिति २०७९।०९।११ मा बसेको आकस्मिक पूर्ण बैठकले एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै उहाँको आत्माको चीर र अनन्त शान्तिको कामना गरिएको छ।

मिति : २०७९।०९।११

देवेन्द्र ढकाल
सह-प्रवक्ता